मितिः२०८३-०१-११ बैठक संख्याः १३

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. प्रदेश समपुरक तथा विशेष योजना र सशर्त अनुदान अन्तर्गत योजना प्रस्ताव सम्बन्धमा।
३. दानव नदी धमसर र दयानगर घाटको आयठेक्का सम्झौता तथा उत्खनन आदेश सम्बन्धमा।
४. वडा नं ४ को मुद्दाको अख्तियारी सम्बन्धमा।
५. RCS Fish Resort देखि सियारी खोला बुद्ध बिहार हुँदै लुम्बिनी प्यालेस रिसोर्ट जोड्ने कालोपत्रे सडक निर्माणको लागि संघ सरकारमा योजना माग गर्ने सम्बन्धमा।
६. जिल्ला समन्वय समितिको कार्यालयको च.नं.४४० मितिः२०८३/०१/०४ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा प्राप्त पत्रको जानकारी सम्बन्धमा।
७. जिल्ला प्रशासन कार्यालयको च.नं.८४४५ मितिः२०८२/१२/२७ गतेको आवश्यक कारबाही गरी जानकारी गराउने सम्बन्धमा प्राप्त पत्रको जानकारी सम्बन्धमा।
८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको च.नं.४६१३० मितिः२०८२/१२/३० गतेको निर्णय कार्यान्वयन सम्बन्धमा प्राप्त पत्रको जानकारी सम्बन्धमा।
९. चालु आ.व.२०८२/८३ को तेस्रो त्रैमासिक आयव्ययको जानकारी सम्बन्धमा।
१०. सार्वजनिक जग्गा खाली गर्ने सूचना प्रकाशन गर्ने सम्बन्धमा।
११. विपदजन्य सामग्री (टिन, पाइप) वितरण सम्बन्धमा।
१२. Mini Mast Light जडान सम्बन्धमा।

मितिः२०८३-०१-११ | बैठक संख्याः १३

**निर्णयहरुः**

| क्र.स. | निर्णयको संक्षिप्त बेहोरा |
|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको अवस्था बारे समीक्षा हुँदा विविध कारणले कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयनमा लैजाने। |
| २ | आ.व.२०८३/०८४ का लागि सियारी गाउँपालिका, रुपन्देही मा विशेष अनुदान अन्तर्गत सञ्चालन हुने गरी लुम्बिनी प्रदेशको "विशेष अनुदान कार्यक्रम कार्यविधि, २०७६ (दोस्रो संशोधन २०८१ समेत)" बमोजिम तपसिलका विशेष योजना तथा कार्यक्रम प्रस्ताव गर्ने।<br>तपसिलः<br>क. स्वास्थ्य सेवा सञ्चालनको लागि आवश्यक सामग्री खरिद<br>ख. सियारी-७ गोठवा देखि सियारी-३ कुरमार कृषि सडक निर्माण<br><br>आ.व.२०८३/०८४ का लागि सियारी गाउँपालिका, रुपन्देही मा प्रदेश समपुरक अनुदान अन्तर्गत सञ्चालन हुने गरी लुम्बिनी प्रदेशको "प्रदेश समपुरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१" बमोजिम गाउँपालिकाबाट ५० प्रतिशत लागत सहभागिता गर्ने प्रतिवद्धता सहित तपसिलमा उल्लिखित समपुरक योजनाहरु माग गर्ने।<br>तपसिलः |

| सि.न. | योजनाको नाम | संचालन हुने स्थान | लागत अनुमान |
|---|---|---|---|
| १ | जंगहतथा बैदौली सडक कालोपत्रे निर्माण (वडा पहुँच मार्ग) | सियारी गा.पा. वडा नं ३ र ५ | |
| २ | पल्लीटोल देखि छपिया जाने मूल सडक कालोपत्रे निर्माण | सियारी गा.पा. वडा नं ४ र ५ | |

प्रदेश सशर्त अनुदान अन्तर्गतः

| सि.न. | योजनाको नाम | संचालन हुने स्थान | लागत अनुमान |
|---|---|---|---|
| १ | मिलनचोक गिदैया हुँदै ५ नं वडा जोड्ने अधुरो सडक निर्माण निरन्तरता | सियारी गा.पा. वडा नं ५ र ६ | |
| २ | छपिया बजार चोकको कल्भर्ट निर्माण | सियारी गा.पा. वडा नं ४ | |
| ३ | लक्ष्मीपुर-कुरमार सडक कालोपत्रे निर्माण | सियारी गा.पा. वडा नं ३ | |
| ४ | गणसारी देखि वडा नं १ जोड्ने सडक निर्माण | सियारी गा.पा. वडा नं १ र २ | |
| ५ | रामगञ्ज देखि गिदौया जोड्ने अधुरो सडक कालोपत्रे निर्माण | सियारी गा.पा. वडा नं ५ र ६ | |

| | |
|---|---|
| ३ | सियारी-४ अन्तर्गत पर्ने दानव नदीको धमसर घाटको आयठेक्का व्यवस्थापन भई तोकिएको समयभित्र निर्वाचन आचार संहिता लगायतका विविध कारणले उत्खनन कार्य गर्न नसकेकोले म्याद थपको लागि सम्बन्धित फर्मबाट निवेदन समेत प्राप्त भएकोले उक्त घाटहरुको नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापनको लागि नियमानुसार म्याद थप गरी उत्खनन आदेश प्रदान गर्ने । |
| ४ | नबिल बैंक लिमिटेड केन्द्रिय कार्यालयको अख्तियारप्राप्त शाखा प्रबन्धक गंगाराम न्यौपानेले उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा पेश गरेको सियारी गाउँपालिकाको कार्यालय, ४ नं वडा कार्यालय र ४ नं वडाका वडाअध्यक्ष विरुद्धको परमादेशयुक्त मुद्दामा गाउँ कार्यपालिकाको कार्यालय, ४ नं वडा कार्यालय र ४ नं वडाका वडा अध्यक्षको तर्फबाट आवश्यक कागजात तथा लिखित जवाफ पेश गर्नको लागि सियारी गाउँपालिकाका प्रशासकीय अधिकृत श्री रोमलाल पुरीलाई अख्तियारी प्रदान गर्ने । |
| ५ | मायादेवी गाउँपालिकाको RCS Fish Resort देखि सियारी खोला बुद्ध बिहार हुँदै लुम्बिनी प्यालेस रिसोर्ट जोड्ने सियारी खोला करिडोर दाँया बाँया कालोपत्रे सडक निर्माणको लागि DPR गरी संघ सरकारमा योजना माग गर्ने । साथै, वडा नं ५ को गौचरण कालिका मन्दिर हुँदै लुम्बिनी प्यालेस रिसोर्टसम्म जाने सडक विस्तार एंव कालोपत्रे निर्माणको लागि योजना माग गर्ने । |
| ६ | जिल्ला समन्वय समितिको कार्यालयको च.नं.४४० मितिः२०८३/०१/०४ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा प्राप्त पत्रसाथ संलग्न जिल्ला अनुगमन समितिको बैठकका निर्णयहरुको जानकारी प्राप्त भयो र सो सम्बन्धमा माटो उत्खनन तथा बिक्रि वितरण कार्य सम्बन्धित स्थानीय तहको कानून र कार्यविधि अनुसार गर्ने साथै नदीजन्य पदार्थ आयठेक्का व्यवस्थापन सम्बन्धी भएका निर्णय कार्यान्वयन गर्ने गराउने । |
| ७ | जिल्ला प्रशासन कार्यालयको च.नं.८४४५ मितिः२०८२/१२/२७ गतेको आवश्यक कारबाही गरी जानकारी गराउने सम्बन्धमा प्राप्त पत्रको जानकारी प्राप्त हुँदा सियारी गाउँपालिका भित्र सञ्चालनमा रहेका क्रसर उद्योगहरुको विवरण तयार गरी नियमानुसार बुझाउनु पर्ने राजस्व बक्यौता रहेका केही क्रसर उद्योगहरुबाट राजस्व असुली कार्यमा सहयोग गरिदिन अनुरोध गरी जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने । |
| ८ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको च.नं.४६१३० मितिः२०८२/१२/३० गतेको निर्णय कार्यान्वयन सम्बन्धी पत्रको जानकारी प्राप्त हुँदा मान कुमारी सोनारले साविक चिल्हिया गा.वि.स. वडा नं ६/क को कित्ता नं.२२३ को ज.वि. ०-४-१० जग्गामा निर्माण गरेको आवासको जग्गा फिल्डबुकमा बाटो कायम भएकोले देखिएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट भएको निर्णय कार्यान्वयन गर्ने, गराउने र उक्त सरकारी सार्वजनिक जग्गामा निर्माण भएको आवास जिल्ला प्रशासन कार्यालय, रुपन्देहीको सहयोगमा हटाई जग्गा खाली गर्ने र संरक्षणको लागि १ नं वडा कार्यालयलाई लेखी पठाउने । |
| ९ | सियारी गाउँपालिकाको चालु आ.व.२०८२/८३ को तेस्रो त्रैमासिक अवधि सम्मको चालु खर्च ५६.०८ प्रतिशत र पूजीँगत खर्च २३.१७ प्रतिशत भएको आयव्ययको जानकारी प्राप्त भयो र सो आयव्ययको विस्तृत जानकारी तेस्रो त्रैमासिक प्रगति समिक्षा कार्यक्रममा प्रस्तुत गर्ने । |

| | |
|---|---|
| १० | सियारी गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाहरु, बाटो, टहरा, कुलो, ताल तथा पोखरी लगायतका सार्वजनिक जग्गाहरुमा केही व्यक्तिहरुले अतिक्रमण गरी भोगचलन गरेको भन्ने प्राप्त गुनासो तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार अतिक्रमित सार्वजनिक जग्गाहरु खाली गर्न ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने ।<br><br>साथै सियारी-४ अन्तर्गत पर्ने सार्वजनिक जग्गा, ८ नम्बरी जग्गा, सार्वजनिक ताल, पोखरी मिचि आवास निर्माण तथा जोतभोग गरिरहेको बेहोराको गुनासो प्राप्त हुन आएकोले सो सम्बन्धमा के कसो भएको हो, यथार्थ विवरण सहितका कागजात प्रमाण पेश गर्नको लागि ७ दिनको म्याद सम्बन्धित व्यक्तिहरुलाई पत्राचार गर्ने । |
| ११ | सियारी गाउँपालिका अन्तर्गत विपदजन्य घटनाबाट क्षति पुगेका तपसिलमा उल्लिखित घर परिवारलाई राहत सामग्री (त्रिपाल, जस्ता) खरिद वितरण शिर्षकबाट जस्ता र पाइप खरिद गरी उपलब्ध गराउने ।<br><br>तपसिलः<br><br>क. सियारी-३ बस्ने सादीया खातुन मुसलमानको खपडाको घर मर्मतको लागि १६ पिस कर्कट पाता र ३ थान पाइप,<br>ख. सियारी-५ बस्ने गुमा के.सी. को आवास मर्मतको लागि १३ पिस कर्कट पाता र ३ थान पाइप,<br>ग. सियारी-६ बस्ने अवतरीया थारुको आवास मर्मतको लागि १३ पिस कर्कट पाता र ३ थान पाइप,<br>घ. सियारी-४ बस्ने तजिबुन निसाको आवास मर्मतको लागि १३ पिस कर्कट पाता र ३ थान पाइप,<br>ङ. सियारी-७ बस्ने मिना खरालको आवास मर्मतको लागि १३ पिस कर्कट पाता र ३ थान पाइप,<br>च. सियारी-७ बस्ने नितेश मल्लाहको आवास निर्माणको १३ पिस कर्कट पाता र ३ थान पाइप, |
| १२ | सियारी गाउँपालिका अन्तर्गतका वडाहरुमा तपसिल अनुसारका संवेदनशिल क्षेत्रहरुमा Mini Mast Light जडान गर्ने कार्यको लागि प्राविधिक शाखालाई जिम्मेवारी प्रदान गर्ने ।<br>तपसिलः<br>क. सियारी-१, कैलाशनगर चोक<br>ख. सियारी-२, मुदर्हवा चोक<br>ग. सियारी-३, भैँसाखादर चोक<br>घ. सियारी-४, ओर्लहवा चोक<br>ङ. सियारी-५, बैदौली डाँडा र बनघुसरी थाना<br>च. सियारी-६, मिलनचोक |